# संघीय संसद
# राष्ट्रिय सभा
## चौथो अधिवेशन
## बैठक - ५
### सूचना पत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ वैशाख २५ गते बुधबार

संघीय संसद, राष्ट्रिय सभाको चौथो अधिवेशनको पाँचौं बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा दिनको २:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले "शून्य समय" मा बोल्नको लागि माननीय सदस्यहरुको नाम प्राप्त भएको जानकारी गराउँदै निम्न बमोजिमका माननीय सदस्यहरुलाई १ मिनेटभित्र आफ्नो भनाइ राख्न समय दिनुभयो :

मा. अनिता देवकोटाले रुकुम जिल्लाको स्वास्थ्य सेवा प्रतिष्ठानको लागि बजेट छुट्याउनको लागि सरकारको ध्यानाकर्षण गराउनुभयो ।

मा. कविता बोगटीले हुम्ला जिल्ला सडक सञ्जालसँग नउजोडिएको कारण कर्मचारी टिक्न गाह्रो भएको सन्दर्भ उल्लेख गर्दै त्यहाँ कर्मचारी टिक्न सक्ने खालको वातावरण सिर्जना गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

मा. कोमल वलीले दाङ जिल्लास्थित राप्ती अस्पतालमा १८ जना डाक्टरको दरबन्दीमा ४/५ जनाले मात्र काम गरिरहेको अवस्था अवगत गराउँदै तत्काल ७ जना मेडिकल डाक्टर पठाउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

मा. खिम कुमार विकले समाजमा पिछडिएका दलित समुदायको मुद्दा सम्बोधन नभएको भन्दै गृहमन्त्रीको ध्यानाकर्षण गराउनुभयो ।

मा. चक्रप्रसाद स्नेहीले फुलचोकी मिडियाले अनुमति लिए/नलिएको जिज्ञासा राख्दै उक्त मिडियाले समाजमा विकृति फैलाइरहेकोले मिडिया व्यवस्थापनमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

मा. ठगेन्द्र प्रकाश पुरीले निजी विद्यालयहरूले चर्को शुल्क लिइरहेको विषय उठान गर्दै यसतर्फ शिक्षा मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो ।

मा. तारादेवी भट्टले महालेखा परिक्षकको प्रतिवेदनमा औंल्याइएको बेरुजु फछ्र्यौट गरी वित्तीय अनुशासन कायम गर्न सरकार समक्ष माग गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "विशेष समय" मा बोल्नको लागि दलीय आधारमा माननीय सदस्यहरुको नाम प्राप्त भएको जानकारी गराउँदै निम्न बमोजिमका माननीय सदस्यहरुलाई बोल्न समय उपलब्ध गराउनुभयो :

मा. सुमनराज प्याकुरेलले मर्यादाक्रमको निर्धारण कानून बमोजिम हुनुपर्ने तथा सार्वजनिक पदाधिकारीहरूको पद अनुसारको सवारी साधनको लागि मूल्य तोकिनुपर्ने भन्दै यसतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो । त्यसैगरी नेपालको व्यापार असन्तुलनको मुख्य कारण पेट्रोलियम पदार्थको अधिक आयात रहेको भन्दै काठमाडौं जस्ता शहरमा विद्युतीय सवारी साधन चलाउने व्यवस्था मिलाउन सरकारसँग माग गर्नुभयो ।

मा. जितेन्द्र नारायण देवले सम्माननीय प्रधानमन्त्रीले प्रदेश सरकार केन्द्रकै मातहतको सरकार हो भन्नु गम्भीर संवैधानिक प्रश्न खडा भएको भन्दै संघीयताको व्याख्या संविधान बमोजिम हुनुपर्नेतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

मा. नन्दा चापाईले कर्णाली प्रदेशमा सम्पूर्णता ल्याउनका लागि यो सरकारबाट आफूले धेरै नै आशा गरेको तथ्य प्रकट गर्नुभयो । कर्णालीका जनताको सामान्य गाँसबाँसको लागि कर्णाली वारिपारि गर्नुपर्ने बाध्यता रहेको अवगत गराउँदै विविधतालाई सम्पूर्णतातर्फ लैजानुपर्नेमा जोड दिनुभयो । आगामी बजेटमा समानुपातिकहरूको लागि पनि अन्य सांसद सरह बजेटको व्यवस्था गर्नुपर्नेतर्फ सरकारको ध्यानाकर्षण  गराउनुभयो ।

मा. हरिचरण शिवाकोटीले कतारको दोहामा अन्तर-व्यवस्थापिका संघको हालै सम्पन्न बैठकमा जाने क्रममा कतारमा काम गर्ने नेपालीहरूसँग सम्पर्क भएको र थुप्रै नेपालीहरूले त्यहाँ दु:ख भोग्नु परेको तथ्य जानकारी गराउँदै त्यसतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

मा. रमेश प्रसाद यादवले सम्माननीय प्रधानमन्त्रीको अभिव्यक्तिबाट देशको कुनाकुनाबाट संघीयता खतरामा छ कि भन्ने प्रश्न उठेको, बारामा निजगढ विमानस्थल निर्माण गर्ने नाममा वनजंगल अत्यधिक फडानी भइरहेको कारण पानीको मुहान सुक्दै गएको, उखु किसानहरूले अहिलेसम्म पनि भुक्तानी नपाएको, चुरे संरक्षण नारामा मात्र सीमित रहेको विषयतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

मा. यूटोल तामाङले गुम्बा शिक्षा सम्बन्धी कार्यक्रम आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा समावेश नभएको, हिमाली बासिन्दाहरू जडीबुटीमा मात्र आर्थिक भर पर्ने तर त्यस सम्बन्धमा समेत नीति तथा कार्यक्रममा समावेश नभएकोले जडीबुटी संरक्षणतर्फ समेत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

मा. रामलखन चमारले सामुदायिक वन मिचिएको तथा अतिक्रमण भएको विषय उठान गर्दै यसतर्फ प्रभावकारी कदम चाल्न वन तथा वातावरण मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो ।

मा. प्रकाश पन्थले आफ्ना आक्रोश र चिन्ताहरु भएतापनि संसदीय मर्यादा कायम राख्नको लागि सदनमा चयन गर्ने विषय तथा छनौट गर्ने शब्दहरूमा अति ध्यान दिनुपर्ने विषय उठाउनुभयो । महालेखापरीक्षक, प्रेस तथा प्रतिपक्षको भूमिका भनेकै सरकारका कमीकमजोरी औंल्याई सुधारको लागि मार्गनिर्देश गर्नु हो भन्ने कुरा उठाउँदै यसतर्फ सरकार सजग रहन ध्यानाकर्षण गराउनुभयो ।

मा. रामनारायण विडारीले सरकारी जग्गा कसरी व्यक्तिको नाममा गयो, कसले गर्‍यो, अपराधी को हो ? भन्ने प्रश्न उठाउनुभयो । उक्त सरकारी जग्गा सम्बन्धमा यर्थाथ पत्ता लगाउन छानविन हुनुपर्नेतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो । त्यसैगरी नागरिकताको विवाद समाधानार्थ छानविन आयोग गठन गरी कति नागरिकता बदर भए, कति बदर हुने प्रक्रियामा छन्, त्यसको यथार्थ पत्ता लगाई सदाका लागि नागरिकता सम्बन्धी विवाद समाधान गर्न सरकार समक्ष माग गर्नुभयो ।

मा. शेरबहादुर कुँवरले अछाम जिल्लामा चटचाङ, असिनापानी जस्ता दैवी प्रकोपका कारणले ठूलो जनधनको क्षति भएकोले पीडितलाई राहत उपलब्ध गराउनुपर्नेतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो । समायोजनमा कर्मचारीहरू कोही धेरै खुसी भएका तथा कोही धेरै बेखुसी भएकाले औचित्यका आधारमा कर्मचारीहरूलाई समायोजन गर्नुपर्ने र सो सम्बन्धमा परेका उजुरीहरूलाई यथार्थपरक ढङ्गले छानविन गरी तत्काल गुनासा समाधान गर्नुपर्नेमा जोड दिनुभयो ।

मा. रामपृत पासवानले प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा थुप्रै जटिलताहरू रहेका र जुन रुपमा अगाडि बढ्नुपर्ने हो, त्यसरी कार्य भइनरहेको जिकिर गर्दै आगामी दिनमा विगतको जस्तो कार्यकर्ता पाल्ने काम नहोस् भन्नेतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

मा. कमला कुमारी ओलीले महिलाको लागि सिनेटरी प्याड तथा बच्चाको लागि डाइपर उत्पादन गर्ने खालका उद्योगधन्दा सञ्चालनमा ल्याउनुपर्ने र त्यस्ता उद्योगलाई सहुलियत प्रदान गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

मा. जीवन बुढाले कर्मचारी समायोजन सकिएको हो कि होइन भन्ने जिज्ञासा प्रकट गर्नुभयो । उहाँले कर्मचारी समायोजन भएपछि पनि दुर्गम वस्तीमा कर्मचारी नभएको जानकारी गराउनुभयो । कर्णाली प्रदेशमा चार जना डाक्टरले मात्र समायोजन रोजेको विषय उठान गर्दै के-कस्तो मापदण्डको आधारमा समायोजन भएको हो ? किन समायोजनपश्चात् पनि स्थानीह तहमा आवश्यकतानुसारका कर्मचारीको अभाव भएको हो ? प्रश्न उठाउनुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले “संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७५” माथि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ९९ बमोजिम कुनै पनि माननीय सदस्यहरुबाट विरोधको सूचना प्राप्त नभएको जानकारी गराउँदै सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरीराजमणि पोखरेललाई “संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७५” सभा समक्ष पेश गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले “शिक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७५” माथि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ९९ बमोजिम कुनै पनि माननीय सदस्यहरुबाट विरोधको सूचना प्राप्त नभएको जानकारी गराउँदै माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरीराजमणि पोखरेललाई “शिक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७५” सभा समक्ष पेश गर्न अनुमति दिनु भयो ।

त्यसपश्चात्, सम्माननीय अध्यक्षले “प्रमाण (दोस्रो संशोधन) विधेयक, २०७५” माथि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ९९ बमोजिम कुनै पनि माननीय सदस्यहरुबाट विरोधको सूचना प्राप्त नभएको जानकारी गराउँदै

माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री भानुभक्त ढकालको तर्फबाट माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्माकुमारी अर्याललाई "प्रमाण (दोस्रो संशोधन) विधेयक, २०७५" सभा समक्ष पेश गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली, २०७५ बमोजिम राजश्व र व्ययको वार्षिक अनुमान सभामा प्रस्तुत हुनु भन्दा कम्तीमा पन्ध्र दिन अगावै विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) सदनमा छलफल समाप्त भइसक्नुपर्ने भएकोले यही मिति २०७६ साल वैशाख २७ गते शुक्रबारदेखि राष्ट्रिय सभाको बैठकमा विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (पूर्व बजेट) सम्बन्धमा छलफल प्रारम्भ हुने व्यहोरा माननीय सदस्यहरुलाई जानकारी गराउँदै उक्त दिनहरुमा विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामा मात्र सिमित भई छलफल हुने र उक्त छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरुको नाम दलीय प्रतिनिधित्वको आधारमा सम्बन्धित दलीय पदाधिकारीहरुले बैठक प्रारम्भ हुनुभन्दा एक घण्टा अगावै कार्यव्यवस्था शाखा (राष्ट्रिय सभा) मा उपलब्ध गराई दिनुहुन जानकारी गराउँनु भयो ।

तदनन्तर, सभाको अर्को बैठक सम्वत् २०७६ साल वैशाख २७ गते शुक्रबार दिनको १:०० बजे बस्ने गरी दिनको ३:२५ बजे आजको बैठक अन्त्य भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव